राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

१६ औँ वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ८२ ॥ २०८१ वैशाख १८ गते मंगलबार (30th Apr 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

## इलाम २ मा सुहाङ जित नजिक



इलाम(प्रस) । प्रतिनिधि सभा सदस्यका लागि इलाम-२ मा भएको उपनिर्वाचनको मतगणनामा नेकपा (एमाले) का उम्मेदवार सुहाङ नेम्वाङ जित नजिक पुगेका छन् । उनको मतान्तर ६ हजार ६०६ पुगेको छ । यो समाचार तयार पार्दासम्म उनले २० हजार ५९६ मत पाएका छन् ।

नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले १३ हजार ९९० मत प्राप्त गरेका छन् । स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिमले ९ हजार ६५९ मत प्राप्त गरेका छन् । शनिबार भएको उपनिर्वाचनको मतगणना जारी छ ।

यसैबीच किरात धर्मगुरु आत्मनन्द लिङ्देनले प्रभाव पार्ने भनिएको माङ्सेबुङ गाउँपालिकामा पहिचानवादी स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बू सबैभन्दा बढी मत ल्याएका छन् । माङ्सेबुङका ६ वटै वडाको मत गणना भइसकेको छ ।

लिम्बूले माङ्सेबुङ-५, लारुम्बामा सबैभन्दा बढी १०३२ मत प्राप्त गरेका छन् । वडा नम्बर-५ मा लिम्बूपछि एमालेका सुहाङ नेम्बाङले ६९ मत प्राप्त गरेका छन् । त्यस्तै कांग्रेस उम्मेदवार डम्बरबहादुर खड्काले ४९ मत प्राप्त गर्दा रास्वपाका मिलन लिम्बूले भने उक्त वडामा ३ मत मात्र पाए । माङ्सेबुङ-५ राष्ट्रिय विभूति फाल्गुनन्द र धर्मगुरु आत्मनन्द लिङ्देनको जन्मस्थलसमेत हो । वडा नम्बर-५ मा ११९३ मत खसेको थियो । लिम्बूले वडा नम्बर १ मा ३७२, २ मा ३१७, ३ मा ६४०, ४ मा १६२ र ६ मा ११६ मतसहित २६३९ मत पाए ।

❖ बाँकी अन्तिम पृष्ठमा

## बझाङमा एमालेका भण्डारी विजयी



झापा(प्रस) । बझाङमा नेकपा (एमाले) का उम्मेदवार दमनबहादुर भण्डारी विजयी भएका छन् । उनले २६६ मतले प्रतिस्पर्धीलाई पछि पार्दै विजयी भएका हुन् । भण्डारीले ११ हजार ६१२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार अभिषेकबहादुर सिंहले ११ हजार ३४६ मत प्राप्त गरे ।

यसैगरी माओवादी केन्द्रका उम्मेदवार जनकबहादुर बुढाले ३ हजार ८३१ मत प्राप्त गरे । सोहीअनुसार नेकपा (एकीकृत समाजवादी) का उम्मेदवार दिलबहादुर सिंहले २ हजार ५१४ मत प्राप्त गरे । भण्डारी विजयी भएपछि एमालेका कार्यकर्ता तथा शुभेच्छुकले विजयी उत्सव मनाएका छन् ।

## अवैध अनलाइन व्यवसाय सञ्चालन गर्ने १० भारतीय पक्राउ



झापा(प्रस) । झापाको मेचीनगरमा घर भाडामा लिएर अवैध अनलाइन व्यवसाय सञ्चालन गर्ने एउटा गिरोह पक्राउ परेको छ ।

मेचीनगर नगरपालिका -९ स्थित शैलेन्द्र पोद्धारको घरमा राजश्व अनुसन्धान विभाग र सशस्त्र प्रहरीले आइतबार छापा मारेर सो गिरोहलाई पक्राउ गरेको हो । सो घरमा अवैध अनलाइन व्यवसाय सञ्चालन भइरहेको विशेष सूचनाको आधारमा राजश्व अनुसन्धान विभागले छापा मारेर १० जना भारतीय नागरिकलाई पक्राउ गरेको जनाइएको छ ।

सो घटनाका मुख्य नाइकेसहित अन्य केही व्यक्ति अझै फरार रहेको र उनीहरूको खोजी कार्य भइरहेको स्रोतले जनाएको छ । घरमा छापा मारेर संयुक्त टोलीले ४० वटा मोबाइल , एउटा प्रिन्टर, ७ वटा ल्यापटप, एउटा सीसी क्यामेरा बरामद गरेको छ ।

उनीहरूलाई पक्राउ गरी अनुसन्धानका लागि लगिएको जनाइएको छ । मेचीनगर ८ धुलाबारीस्थित मेची क्राउन होटेलमा कार्यरत कर्मचारी भन्दै उनीहरूले घर भाडामा लिएर त्यहाँ बस्दै आएको स्थानीयको भनाई छ । उक्त होटेलमा कार्यरत छु भन्दै मेचीनगरका धेरै ठाउँमा भारतीय युवायुवती यसरी नै घर भाडा लिएर अवैध ठगी धन्दा चलाउँदै आएको स्थानीय बताउँछन् ।

## छोराले गरे सौतेनी आमाको हत्या



झापा(प्रस)। इलामको माई नगरपालिका-२ दिपु डाँडास्थित सौतेनी आमाको हत्या आरोपमा छोरालाई प्रहरीले नियन्त्रणमा लिएको छ। आइतबार राति ११ बजे मादक पदार्थ सेवन गरी घर आएका २१ वर्षीय सन्देश दियालीले घरायसी विवादका क्रममा आफ्नै सौतेनी आमा ३१ वर्षीया नेत्रमाया खवासलाई धारिलो हतियार बाम्फोक प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ।

प्रहरी चौकी दानबारीबाट घटनास्थलमा खटिएको टोलीले हत्यामा संलग्न दियालीलाई धारिलो हतियारसहित नियन्त्रणमा लिएको थियो। थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## लागूऔषध कारोबारीमाथि गोली प्रहार , आलम घाइते



झापा(प्रस) । सीमावर्ती झापा गाउँपालिकामा लागूऔषध कारोबारीलाई पक्राउ गर्ने क्रममा प्रहरीले गोली चलाएको छ ।

सोमवार साँझ ६ बजेको समयमा झापा गाउँपालिका वडा नं.३ कामाटोली बजारस्थित अक्कलबहादुर विश्वकर्माको घरको तेस्रो तल्लामा लागूऔषध कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले झापा गाउँपालिका वडा नं.४ खैरबारी बस्ने २५ वर्षीय सरिफुल आलमलाई नियन्त्रणमा लिन खोज्दा उनले आफ्नो साथमा रहेको दाउ र खुकुरीबाट प्रहरीमाथि आक्रमण गर्न खोजेका थिए । प्रतिरक्षास्वरुप प्रहरीले गोली चलाउँदा उनको बाँया खुट्टाको तिघ्रा र पिडुलामा २ राउण्ड गोली लागेको थियो । घाइते भएका आलमलाई नियन्त्रणमा लिने क्रममा उनको साथबाट ११६ ग्राम ६० मिलिग्राम ब्राउनसुगर, एक थान दाउ र एक थान खुकुरी बरामद भएको छ । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाई घटना सम्बन्धमा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

## ६७ जिल्लामा फैलियो डढेलो

झापा(प्रस) । प्रि-मनसुनमा वर्षा नहुँदा आगलागी र डढेलोको प्रकोप बढेको छ । सुख्खायाम सुरु भएसँगै फागुनदेखि सुरु भएको आगलागीसहितको डढेलो ६७ जिल्लामा फैलिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार जसमध्ये आगलागीका कारण नौ जनाको मृत्यु भएको छ भने वन डढेलोका कारण दुई जनाको मृत्यु भएको छ। सो अवधिमा २६ करोड बराबरको क्षति भएको छ । आइतबार मात्र काठमाडौँको शंखमूल दोभानपुलस्थित देवी अटोमोवाइल्स प्रालिमा विद्युत सर्ट भएर आगलागी हुँदा



पछिल्लो एक महिना (चैत्र १५-वैशाख १५) सम्म एक हजार २९३ स्थानमा डढेलोसहितको आगलागीका घटना भएका छन् । उक्त घटनामा २२ जनाको मृत्यु भएको छ भने ८१ जना घाइते भएका छन् ।एक महिनाको अवधिमा ४९ करोड बराबरको क्षति भएको प्राधिकरणको तथ्याङ्क छ । मृत्यु हुनेमा आगलागीबाट १४ जना र डढेलोबाट आठ जनाको मृत्यु भएको छ । वैशाख सुरु भएयता मात्र डढेलोसहितको आगलागीबाट ११ जनाको मृत्यु भएको छ ।

दशवटा पसलमा क्षति भयो ।

विद्युत सर्ट भएका कारण सँगै रहेका टहरामा सञ्चालित बाबा ठाकुर मोटरसाइकल वर्कसप, जय बजरंगवली पान पसल, माछा पसल, एक खाजा पसल, किराना तथा तरकारी पसल, मासु पसल, फास्टफुड रेष्टुरेन्ट र दुई वटा घरका भित्तामा क्षति भएको प्रहरीको भनाइ छ । गुल्मीको रेसुङ्गा जङ्गलमा आइतवारदेखि लागेको आगो अहिलेसम्म नियन्त्रणमा आउन सकेको छैन । धेरै जङ्गलमा अहिले पनि आगलागी भइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणका अनुसार डढेलोसहितको आगलागीका कारण वैशाखयता ४४ जना घाइते भएका छन् । प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले दिएको जानकारीअनुसार दुई हप्तामा ७४४ घटना भएका छन् । जसमध्ये वन डढेलोका घटना २८८ वटा भएका छन् । ४५६ स्थानमा डढेलो लागेको प्रवक्ता भट्टराईको भनाइ छ ।

उनका अनुसार मानवीय लापरबाहीका कारण डढेलोसहित आगलागीका घटना भएका छन् । प्रवक्ता डा. भट्टराईले भने, “देशभर भएका डढेलोसहितको आगलागीमा सबैभन्दा बढी ९० प्रतिशत घटनाहरू मानवीय लापरबाहीका कारण भएका छन् ।” डढेलोसहितको आगलागीले वैशाख महिनामा मात्र २६ करोड बराबरको क्षति पुऱ्याएको आकलन गरिएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

५०२ पूर्वाधारमा डढेलोसहितको आगलागीले क्षति पुऱ्याएको छ । आगलागी र डढेलोमा परी ४५१ पशुचौपाया मरेको भट्टराईले जानकारी दिए ।

पानी नपरेकाले आगलागी र डढेलोको समस्या देशव्यापी बन्न पुगेको उहाँको भनाइ छ ।भट्टराईले भने, “पानी नपरेर सुख्खा बढेको छ, हावाहुरी चल्ने मौसम भएकाले एक ठाउँमा सल्किएको आगो तुरुन्तै अन्यत्र फैलने जोखिम छ, ‘अहिले पनि धेरै ठाउँमा आगलागी भइरहेका छन्, निभाउने प्रयास जारी छ ।” स्थानीय प्रशासनको सहयोगमा डढेलो नियन्त्रणमा लिने प्रयास भइरहेको उनी बताउँछन् ।

मौसम विज्ञान विभागका अनुसार अबको एक साता पानी पर्ने सम्भावना नरहेकाले डढेलोको जोखिम उच्च छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार पानी पार्ने प्रणाली यो साताभर विकास नहुने र तापक्रम बढ्ने भएकाले आगलागीबाट थप सचेत हुनुपर्ने हुन्छ ।

उनले भने, “यो हप्तामा पानी पार्ने प्रणाली विकसित हुने देखिन्न, तापक्रम बढ्ने देखिन्छ, त्यसैले तातो हावा चल्ने भएकाले आगलागीबाट सचेत हुनुपर्ने देखिन्छ।” यो हप्ता हावाहुरीको सम्भावना रहेकाले थप सतर्कता अपनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ ।



# विद्यार्थी बोक्ने गाडीको गति निर्धारण गर्न पत्राचार



झापा(प्रस) । गृह मन्त्रालयले विद्यार्थी बोक्ने सवारी साधनको गति निर्धारणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार गरेको छ ।

तीव्र गतिका कारण बालबालिकामा नकारात्मक असर पर्ने र दुर्घटनाको जोखिम हुने भन्दै उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले चासो देखाएपछि गृहले सोमवार भौतिक पूर्वाधार मन्त्रालयलाई पत्राचार गरी मातहतका निकायलाई आवश्यक निर्देशन दिन आग्रह गरेको हो ।

कानुनमा तोकिएको भए सोही अनुसार कार्यान्वयन गर्न र नतोकिएको भए प्रतिघण्टा ४० किलोमिटर तल हुने गरी गति निर्धारणको व्यवस्थाका लागि आवश्यक निर्देशन वा समन्वय गर्न गृहले पत्राचार गरेको गृहमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

उक्त पत्रमा भनिएको छ, 'मुलुकभर सञ्चालित सरकारी एवं निजी विद्यालयहरूमा अध्ययनरत बालबालिका बोक्ने सवारी साधनहरूको दुर्घटना न्यूनीकरण गर्न सो सवारी साधनहरूको गति निर्धारण गर्न आवश्यक देखिएकाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ११५ अनुसार यातायात व्यवस्था विभागलाई उक्त जिम्मेवारी तोकिएको हुँदा उक्त सवारी साधनहरूको गति निर्धारण नगरिएको भए प्रतिघण्टा ४० किलोमिटरभन्दा तल हुने गरी गति निर्धारण गर्ने व्यवस्था मिलाउन तथा गति निर्धारण भएको भए निर्धारितभन्दा बढी गतिमा सवारी चलाउने सवारी साधनहरूलाई ऐनको दफा १६४ बमोजिम जरिवाना गर्ने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन त्यहाँ मन्त्रालयबाट आवश्यक निर्देशन तथा समन्वय हुन आदेशअनुसार अनुरोध छ ।' गृहले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय, काठमाडौँ उपत्यका ट्राफिक कार्यालय र ७७ वटा जिल्ला प्रशासन कार्यालयलाई समेत बोधार्थ तथा कार्यार्थका लागि पत्राचार गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

# धरानमाथि मानेभन्ज्याङको फराकिलो जित



बुद्धशान्ति(प्रस) । धरान एफसीमाथि सहज जित हात पार्दै पाहुना टोली भारतको मानेभन्ज्याङ एफसी झापाको बुद्धशान्तिमा जारी तेस्रो आदर्श च्यालेन्ज कपको सेमिफाइनलमा प्रवेश गरेको छ। जितसंगै पहिलो सेमिफाइनलमा मानेभन्ज्याङले आयोजक आदर्श युवा क्लबसँगको भेट पक्का गरेको छ ।

मानेभन्ज्याङले धरान एफसीमाथि ५-१ को जित हात पारेको हो । खेल सुरु भएको ५ औं मिनेटमा नै मानेभन्ज्याङले गोल गर्दै अग्रता लिएको थियो । मानेभन्ज्याङका करण राईले १८ यार्डबाट प्रहार गरेको बलले सिधै जाली चुमेको थियो । खेलको ३१ औं मिनेटमा करण राईले डि बक्समा पाएको पासलाई सदुपयोग गर्दै अग्रता दोब्बर बनाए ।

पहिलो हाफमा २-० को अग्रता बनाएको मानेभन्ज्याङले ४६ औं मिनेटमा अर्को गोल थप्यो । करण राईको क्रस पासमा अनमार्क रहेका सुरज रसाइलीले गोल गर्दै मानेभन्ज्याङको जित सुनिश्चित गरे । खेलको ५५ औं मिनेटमा मानेभन्ज्याङका तुसार विश्वकर्माले डि बक्स बाहिरबाट गरेको सोझो प्रहार गोलमा परिणत भयो । ६७ औं मिनेटमा मानेभन्ज्याङका लागि सुरज रसाइलीले गोलरक्षकसँग वान टु वानको वानको अवस्थामा गोल गरे ।

धरान एफसीले खेलमा एकमात्र सान्त्वना गोल फर्कायो । कप्तान तपन कार्कीले पेनाल्टी एरियामा पाएको बललाई गोल गर्न सफल भए । खेलमा गोल गर्ने थुप्रै अवसर सिर्जना गरेको धरानले मानेभन्ज्याङको डिफेन्ससामु निरिह भएको थियो ।

खेलको प्लेयर अफ द म्याच मानेभन्ज्याङका सुरज रसाइली घोषित भए । उनले नगद तीन हजार रुपैँयाँ पुरस्कार पाए । मंगलवारको अन्तिम क्वाटरफाइनल खेल रेड हर्ष क्लब इलाम र बेलबारी एफसी मोरङबिच हुने आयोजक समितिका अध्यक्ष मातृका श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेताले १ लाख ट्रफी र मेडल पाउने छन् । फाइनल खेलका उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र उदीयमान खेलाडीले जनही ५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स–साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९

## इलाम...

एमालेका सुहाङ नेम्बाङले वडा नम्बर १ मा ४११, २ मा ५८६, ३ मा ५१९, ४ मा ४११, वडा ५ मा ६९ र ६ मा ५९० गरी २५९१ मत पाए । माङ्सेबुङमा रास्वपाका मिलन लिम्बू सबैभन्दा कमजोर देखिए । उनले वडा नम्बर १ मा ३६, २ मा ९६, ३ मा ४२, ४ मा ८, ५ मा ३ र ६ मा ५८ सहित २ सय ४३ मत पाए ।

माङ्सेबुङमा मिलनले सबैभन्दा बढी आफ्नै वडा नम्बर २ मा ९६ मत पाएका हुन् । माङ्सेबुङका ६ वडामा कुल १२ हजार ५ सय ३६ मतदातामध्ये ७ हजार २ सय ६ मत खसेको थियो ।

माङ्सेबुङमा एमालेदेखि रास्वपासम्मका उम्मेदवार चुनावअघि धर्मगुरु लिङ्देनकोमा पुगेका थिए । उम्मेदवारीलगत्तै चैत १७ मा रास्वपाका उम्मेदवार मिलन लिम्बू पार्टी सभापति एवं गृहमन्त्री रवि लामिछानेलाई लिएर माङ्सेबुङको लारुम्बा पुगेका थिए। उनीहरूले लारुम्बाका 'शक्तिकेन्द्र' धर्मगुरु लिङ्देनसँग करिब एक घण्टा बिताएर फर्किए ।

मधेशवादी दल जनमत पार्टीका उम्मेदवार प्रेमसिंह थाम्सुहाङ पार्टी अध्यक्ष सीके राउतलाई लिएर चैत १६ मै धर्मगुरुलाई भेटेर फर्किएका थिए । हरेक चुनावमा उम्मेदवारहरू कार्यकर्तासहितको लर्को लिएर लारुम्बामा धर्मगुरु भेट्न जाने चलन इलाममा नयाँ होइन । यसपाला नयाँ भनिएका दल यही लर्कोमा मिसिएका मात्रै हन् ।विगतमा एमाले अध्यक्ष केपी शर्मा ओलीदेखि सुवासचन्द्र नेम्वाङ, राम राना मात्र हैन, कांग्रेसका अहिलेका उम्मेदवार डम्बर खड्का, भेषराज आचार्य, माओवादीका धिरेन शर्मा लारुम्बा पुग्थे ।

पहिचानवादीका तर्फबाट उम्मेदवार बनेका डकेन्द्रसिंह लिम्बूले शिक्षण पेसाबाट अवकाशपछि लारुम्बामै बसेर गुरुको सेवा गरेको तथा कोशी प्रदेश नामकरणप्रति गुरुको असन्तुष्टि रहेको भन्ने तर्कलाई अघि सारेर एकथरीले गुरुको झुकाव लिम्बूतिर हुने अड्कल काटिरहेका थिए । गुरुले पहिचानवादी उम्मेदवार लिम्बूको चुनावी र्‍यालीको शुभमुहुर्तसमेत गरेका थिए ।

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## हात्तीपाईले रोग बिरुद्धको औषधि खाने अभियानबारे सूचना

नेपालमा जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाईले रोगले मानिसलाई सधैंका लागि अशक्त, अपाङ्गता र कुरुप बनाउँदछ ।त्यसैले हात्तीपाईले रोग लाग्न नदिन यो औषधि खानु बाहेक अरु बिकल्प छैन ।हात्तीपाईले रोग निवारणका लागि २०८१ बैशाखदेखि यस रोग बिरुद्धको औषधि खुवाउनका लागि स्वास्थ्यकर्मीहरु हरेक घर घरमा आउँदै हुनुहुन्छ ।यस अभियानमा खुवाईने औषधिहरु पूर्ण रुपमा सुरक्षित र प्रभावकारी छन् ।त्यसैले हामी सबैले अभियानको बेलामा औषधि खाउँ अनि परिवार र छिमेकीलाई पनि खान प्रोत्साहन गरौं । हात्तीपाईले रोगमुक्त समाजको निर्माण गरौं ।

**स्वास्थ्य कार्यालय झापा**

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

## लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

(तेस्रो पटक प्रकाशित मिति : २०८१/०१/१८)

यस बैंकको स्वामित्वमा रहेका देहाय बमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्राकशित गरिएको छ ।

**तपसिल**

| लिलाम हुने सवारी साधन | दर्ता नं. | सिसि | ईन्जिन न. | चेसिस नं. | न्यूनतम लिलाम मूल्य |
|---|---|---|---|---|---|
| टाटा सुमो गोल्ड (२०१७) | प्र१-०१-००२ च ५११ | २९५६ | 30CR401JSY631972 | MAT446607HNJ05112 | रु. ९,५०,०००/- |

१. बोलपत्र फारम दस्तुर वापत रु. १०००।०० (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१/०१/२४ गते) कार्यालय समय भित्र दर्ता गरिसक्नु पर्नेछ ।
२. बोलपत्रसाथ आफूले कबुल गरेका रकमको १० प्रतिशतले हुन आउने धरौटी वापत को रकम यस बैंकको खाता नम्बर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. दर्ता भएका बोलपत्रहरु सूचना प्रकाशित मिति समाप्त भएको भोलिपल्ट (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रीय कार्यालय बिर्तामोडमा खोलिनेछ साथै बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. सवारी साधनको नामसारी तथा दाखिला खारेज बापत लाग्ने सम्पूर्ण राजश्व एवं दैदस्तुर सकार गर्नेले नै व्यहोर्नु पर्नेछ ।
५. दरखास्तमा उल्लेख भए बमोजिमको रकममा बिक्रि गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय बैंकको हुनेछ ।
६. उक्त सामानहरु हेर्न यस बैंकको केन्द्रीय कार्यालयमा अफिस समयभित्र सम्पर्क राखि हेर्न सकिनेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकम बुझाइ उक्त सवारी साधन नामसारी गरि बुझि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत गरिनेछ ।
८. बोलपत्र फारामको लागि यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

## सर्पदंश (सर्पको टोकाइ) बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिँडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# विपद्प्रतिको हेलचेक्र्याइँ

आगलागीले देश आक्रान्त बनेको छ । देशका ५० भन्दा बढी जिल्लामा डढेलो छ। वन जंगलमात्रै होइन, घरगोठ पनि खरानी बनेका छन्। मानिसहरूको पनि ज्यान गुमेको छ। वन तथा भू–संरक्षण विभागका अनुसार बर्सेनि सरदर चार हजार ठाउँमा नेपालमा आगलागी र डढेलोका घटना हुन्छन्।

पछिल्लो तीन वर्षमा आगलागीमा परेर तीन सय २५ जनाको मृत्यु भयो। एक हजार तीन सय ७९ जना घाइते भए। डढेलो र आगलागी नेपालका हकमा बर्सेनि दोहोरिने विपद् हो। तर बाढी, पहिरो जस्तो विपदका बारे जति चिन्ता र चासो राज्यले राख्छ, डढेलोको हकमा त्यस्तो देखिन्न। त्यसैले त डढेलो जस्ता प्रकोपको नियन्त्रण र जोखिम न्यूनीकरणमा माखो मारिएको छैन भन्न सकिन्छ। डढेलो पहाडका घना जंगलहरूमा लाग्दा निभाउन मुस्किल हुनु एउटा कुरा तर अचेल सहरका घनाबस्तीमै लागेको आगो पनि निभाउने उपकरण र उपाय साह्रै न्यून छ।

देशभरका पालिकाहरूसँग भएका दमकलको संख्या डेढ सयमात्रै हुनु त्यसको एउटा उदाहरण हो। भएका १५१ मध्ये पनि चैत, वैशाख हुरीबतास आउने र सुख्खा मौसम हुने महिना हुन्। यही बेला डढेलो लाग्छ। पानी परे आफै वनडढेलो निभ्छ, नत्र वन जति नष्ट गरेरै छाड्छ। वनमात्रै होइन, डढेलोले वनका जीवजन्तुको बासस्थान र प्राण पनि लिन्छ। डढेलोले वनजंगलका प्राकृतिक तत्वहरू नष्ट गराउँछ। केही दिनयता देशभरको अधिकांश ठाउँको आकाश धुम्मिएको छ। काठमाडौं त विश्वकै प्रदूषित हावा भएको सहर भएको छ। हावामा भइरहेको प्रदूषणको मुख्य कारण अहिले देशभर लागेको डढेलोलाई मानिएको छ।

यति साह्रो संकट ल्याएर मुलुकलाई आक्रान्त बनाइरहेको डढेलो नियन्त्रणबारे भने सरकारलाई खास वास्ता छैन। पहिलो त डढेलो लाग्नै नदिन सचेतना फैलाउन जरुरी छ। जति पनि डढेलो लाग्छ, त्यसको लगभग सबैजसो कारण मानवीय नै हुन्छ। र, कथंकदाचित डढेलो लागिहाले निभाउन कुनै कसर बाँकी नराख्नुपर्ने हो। डाँडाकाँडाका वनजंगलमा लागेको आगो हेलिकोप्टरबाट पानी खन्याएर निभाउनुपर्ने हो। तर यहाँ त दमकलै पनि छैनन्। अग्नि नियन्त्रक मानव संशाधन छैन। राज्य आगलागीप्रति संवेदनशील बन्न सकेको छैन । यो विपद्प्रतिको हेलचेक्र्याइँ हो ।

Pratidin National Daily
प्रतिदिन




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शैक्षिक पाठ्यक्रमको स्वरूप



• ढुनबहादुर बुढाथोकी

शिक्षण विधि कालक्रमिक रूपमा सुधार एवं विकास हुँदै जाने विधा हो । विश्वमा शिक्षण विधिको विकास आजभन्दा ३५०० बिसी पहिले भएको हो । उक्त समयदेखि वर्तमानसम्म आइपुग्दा शैक्षिक विधिले पाँच चरण पूरा गरिसकेको छ । जहाँसम्म शैक्षिक विधिको चरणबद्ध विकासको सवाल छ, ३५०० बिसी देखि ३०९ बिसीसम्म शिक्षक केन्द्रित, ३१० बिसीदेखि सन् १५९५ सम्म पुस्तक केन्द्रित, सन् १५९६ देखि १८३९ डिस्कार्ट लर्निङ (व्यावहारिक सिकाइ), सन् १८४० देखि १९१२ सम्म डिस्ट्यान्ट लर्निङ (दूरशिक्षा), सन् १९१३ देखि १९२० सम्म ब्लुम्स टेक्सोमनी (प्रक्रिया, सिर्जना, विश्लेषण, प्रयोग र स्मरण) र सन् १९२१ पश्चात् इन्जिनियरिङ तथा टेक्नोलोजी विधि प्रयोगमा आएको हो ।

पाठ्यक्रमको विकासमा सुरुवाती समयदेखि अहिलेसम्म आइपुग्दा, ज्ञान केन्द्रित, सिप केन्द्रित, नवप्रर्वतन केन्द्रित र सशक्तीकरण केन्द्रित गरी चार प्रकारका पाठ्यक्रम पद्धति क्रमशः विकास भएको पाइन्छ । प्रथम चरणमा, ज्ञान केन्द्रित पाठ्यक्रम विकास भएको हो । जहाँ, पाठ्यक्रमको शतप्रतिशत लक्ष्य ज्ञान प्रदान गर्नु वा विद्यार्थीलाई ज्ञानी तुल्याउनु हो । यस प्रकृतिको पाठ्यक्रम अविकसित तथा अल्पविकसित मुलुकले अहिले पनि अवलम्बन गर्ने गरेका छन् । पाठ्यक्रम सुरुवातीदेखि सन् १९६० सम्म यसपद्धतिले बढावा पायो ।

दोस्रो चरणमा सिप केन्द्रित पाठ्यक्रम विकास भएको हो, जहाँ पाठ्यक्रमको ७० प्रतिशत लक्ष्य ज्ञान प्रदान गर्नु र ३० प्रतिशत लक्ष्य सिप विकास गर्नु हो । यस प्रकृतिको पाठ्यक्रम सन् १९९६ देखि युरोपेली संघमा आबद्ध मुलुकहरूले अवलम्बन गरेका हुन् । तेस्रो चरणमा नवप्रवर्तनीय पाठ्यक्रम विकास भएको हो, जहाँ पाठ्यक्रमको लक्ष्य ५० प्रतिशत ज्ञान प्रदान गर्नु र ५० प्रतिशत जीवन उपयोगी नवप्रवर्तन गर्नु हो । अमेरिका तथा रुसले सन् १९९८ ताका नवप्रवर्तन सम्मेलनमार्फत उक्त विधि अवलम्बन गरेका हुन् ।

चौथो चरणमा, मानव सशक्तीकरण केन्द्रित पाठ्यक्रम विकास भएको हो । स्टिम (साइन्स, टेक्नोलोजी, इन्जिनेरिङ एन्ड म्याथमेटिक्स) विधिमा आधारित उक्त पाठ्यक्रमको लक्ष्य ५० प्रतिशत ज्ञान प्रदान गर्नु र ५० प्रतिशत सशक्तीकरण गर्नु हो । उक्त पद्धति, युरोपेली संघमा आबद्ध मुलुकहरूले सन् २००२ देखि, चीनले सन् २०१० देखि, अमेरिकाले सन् २०१७ देखि (४१ वटा राज्यमा) र भारतले सन् २०१८ देखि (पाँच वटा राज्यमा) कार्यान्वयनमा ल्याएका हुन् ।

पाठ्यक्रमलाई अध्ययन-अध्यापनको मुटु मानिन्छ । कुनै निश्चित विधामा के कस्ता विषयहरू समावेश गर्ने, के कस्ता विधिबाट अध्यापन गराउने, के कति गुणवत्तापूर्ण शिक्षा प्रदान गर्ने मूलतः पाठ्यक्रमद्वारा निर्धारण हुने कुरा हो । अर्थात् शैक्षिक गुणवत्ता कस्तो हुने भन्ने कुरा पाठ्यक्रममा निर्भर हुने हुँदा पाठ्यक्रम समसामयिक, जीवन उपयोगी, वस्तुनिष्ठ र वैज्ञानिक हुनु पर्छ । एक पटक निर्माण गरिएको पाठ्यक्रम सधैँका लागि पूर्ण हुँदैन । यसैले पाठ्यक्रमलाई समयसापेक्ष रूपमा परिमार्जन गर्नु पर्छ ।

नेपालका शैक्षिक संस्थाले अवलम्बन गर्ने गरेको पाठ्यक्रम र पाठ्यक्रमको समसामयिक संशोधन गर्न सकेका छैनन् । हाम्रा शैक्षिक संस्थाहरूले जीवनमा कुनै उपयोग हुन नसक्ने वा मृतप्रायः (आउट डेटेट) भइसकेका विषयवस्तुलाई अझै तिलाञ्जली दिन सकेका छैनन् । नेपालले अहिले पनि पहिलो चरणको ज्ञान केन्द्रित पाठ्यक्रमलाई त्याग्न सकिरहेको छैन । अर्थात् सिप केन्द्रित, नवप्रवतनीय र मानव सशक्तीकरण पाठ्यक्रम नाम मात्रको प्रयोगमा ल्याइएको छ । अक्सर पाँच वा दस वर्ष व्यतीत नभई पाठ्यक्रम संशोधनको सोचसमेत जन्मने गरेको पाइँदैन । विद्यार्थीलाई कुनै निश्चित विषयमा विशेषज्ञ बनाउनुको साटो सबै विषय समावेश गरी घर न घाटको बनाउने प्रकृतिको पाठ्यक्रम पस्कने गरिएको छ ।

स्तरीय पाठ्यक्रम निर्माण गरी ज्ञान, सिप, दक्षता र विज्ञतायुक्त जनशक्ति उत्पादन गर्ने कुरा गफैमा सीमित गरिएको छ । यिनै कारणले विश्वविद्यालयको शिक्षा हासिल गरेपछि अध्येता विज्ञ, दक्ष, सिपयुक्तभन्दा साक्षर मात्र बन्नु परेको हो । त्यस्तै, तर्जुमा गरिएका पाठ्यक्रम कार्यान्वयनका लागि गुणवान्, क्षमतावान्, कर्तव्यनिष्ट शिक्षक वा प्राध्यापक वस्तुनिष्ठ तरिकाले भित्र्याइ समयसापेक्ष तालिम तथा प्रशिक्षण प्रदान गर्नु पर्छ तर हाम्रा शिक्षण संस्थाहरूमा आवश्यकता अनुसार शिक्षक चयन, क्षमता अनुसार पदस्थापन, बढुवा र बर्खास्ती, कार्यसम्पादन अनुरूप पारिश्रमिक प्रणालीको अभाव छ । शिक्षक वा प्राध्यापकलाई निरन्तर अध्ययनशील, शोध अनुसन्धान केन्द्रित र नवीनतम पद्धति केन्द्रित हुनै पर्ने वातावरण निर्माण गर्न सकिएको छैन ।

पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन प्रणालीबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । शैक्षिक संस्थाले लिने परीक्षा विश्वसनीय र वस्तुनिष्ठ हुनु पर्छ तर नेपालको सबैभन्दा पुरानो, विद्यार्थी संख्या, स्रोतसाधनका दृष्टिकोणवाट सबैभन्दा धनी त्रिभुवन विश्वविद्यालयले लिने परीक्षाको उत्तर पुस्तिका परीक्षणका लागि अध्यापन गराइरहेका प्राध्यापकहरूलाई विश्वास नगरी परीक्षा नियन्त्रण कार्यालयलाई निक्षेपण गर्ने गरिएको छ । त्यस्तै, त्रिभुवन विश्वविद्यालयले लिने गरेको परीक्षाको मूल्याङ्कन उपर पनि पटक पटक प्रश्नचिह्न खडा भएको छ तर सुधारका कदम चाल्न सकिएको छैन ।

परीक्षा विद्यार्थीको क्षमता मूल्याङ्कन गर्ने कडी भएकाले यसलाई विश्वसनीय, वस्तुनिष्ठ र वैज्ञानिक बनाउनु पर्छ । यसका निमित्त पूर्वनिर्धारित समयमा परीक्षा सञ्चालन गर्न, इमानदार तथा क्षमतावान् जाँचकबाट उत्तर पुस्तिका परीक्षण गराउन, पूर्वनिर्धारित समयमा नतिजा प्रकाशन गर्न, नतिजालाई वस्तुनिष्ठ बनाउन चुक्नु हुँदैन । अर्थात्, परीक्षा तथा मूल्याङ्कन प्रणाली र प्राप्त हुने लब्धाङ्कलाई वस्तुवादी, व्यावहारिक, यथार्थपरक र जवाफदेही बनाउनु पर्छ । त्यस्तै, एसिस्मेन्ट तथा शोध पद्धतिबापत दिइने अङ्कलाई वस्तुनिष्ठ तुल्याउनु पर्छ ।

पाठ्यक्रमलाई सटिक रूपमा अघि बढाउन शैक्षिक संस्थाद्वारा, शैक्षिक पात्रो लागु गरिएको हुनु पर्छ तर हाम्रा शिक्षण संस्थाहरू निर्धारित समयमा परीक्षा लिन, नजिता प्रकाशन गर्न, नयाँ भर्ना लिन चुक्तै आएका छन् । उदाहरणका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको जनप्रशासन सङ्काय एमफिल १० औं ब्याचको नतिजा प्रकाशन भएको डेढ वर्षपश्चात् मात्र विद्यावारिधिमा भर्नाका लागि आवेदन माग गरिएको छ

यसै पनि प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तहको शैक्षिक पद्धति अब्बल नभएसम्म उच्च तहको शिक्षा अब्बल बन्न सक्दैन । प्राथमिक तहका बालबालिकाको मस्तिष्क विकासको कार्य प्रारम्भिक चरणमा हुने हुँदा शैक्षिक ज्ञानभन्दा अनुशासन, आचरण, नैतिकता, सुझबुझ र स्वभावमा रूपान्तरण ल्याउन मद्दत गर्ने गरी पाठ्यक्रम निर्माण गर्नु पर्छ । अर्थात् बालबालिकालाई अनावश्यक सैद्धान्तिक ज्ञानभन्दा कसरी अनुशासित, नैतिकवान् एवं सुशील बन्ने ? कसरी सहयोगी बन्ने ? कसरी विद्यालयय तथा घर सफा राख्ने ? कसरी गुरु, मातापिता तथा अग्रजको आदर, सम्मान एवं सत्कार गर्ने ? आपत-विपत् पर्दा कहाँ, कसलाई, कसरी सम्पर्क गर्ने वा छुटकार पाउने जस्ता आधारभूत कुरा पाठ्यक्रममा समाविष्ट गर्न चुक्नु हुँदैन ।

निम्न माध्यमिक तहमा अनुशासन, आचरणबाहेक हाम्रो भूगोल, इतिहास, कला, संस्कृति, सम्पदा, पुर्खाको गाथा, संवैधानिक व्यवस्था जस्ता विषयमा ज्ञान दिने गरी पाठ्यक्रम निर्माण गर्नु पर्छ । साथै विद्यार्थीको इच्छा, चाहना, रुचि, क्षमता पहिचान गरी सो अनुरूपको विषय चयन गर्न मिल्ने पाठ्यक्रमको प्रबन्ध मिलाउनु पर्छ ।

माध्यमिक तथा उच्च माध्यमिक तहमा विद्यार्थीमा निहित रुचि, क्षमताको क्षेत्रमा अगाडि बढ्न सहयोग मिल्ने गरी पाठ्यक्रम निर्माण गर्नु पर्छ । पाठ्यक्रम निर्माण गर्दा माध्यमिक तहमा समष्टिगत ज्ञान र उच्च माध्यमिक तहमा निश्चित विधामा मार्ग प्रशस्त हुने गरी पाठ्यक्रम तर्जुमा गर्नु पर्छ । पाठ्यक्रममा उपयोगहीन विषयवस्तु किमार्थ समावेश गर्नु हुँदैन । सबै विषयमा सतही ज्ञान दिनुका साथै कुनै निश्चित क्षेत्रमा विज्ञता हासिल हुने गरी पाठ्यक्रम निर्माण गर्नु पर्छ । अर्थात् पाठ्यक्रममा व्यावहारिक र जीवन उपयोगी कुरा समावेश गर्नु पर्छ ।

जर्मनीमा ९ वा १० कक्षा पश्चात् पेसागत ज्ञान र आयआर्जनसहितको कार्य गर्न लगाइन्छ । सिङ्गापुरमा १८ वर्ष उमेरपश्चात् छात्रले अनिवार्य दुई वर्ष सैनिक सेवा गर्नुपर्ने प्रावधान रहेको छ । यस सन्दर्भमा नेपालमा पनि १० वा १२ कक्षापश्चात् आफूले अध्ययन गरेको क्षेत्रमा पारिश्रमिकसहितको इन्टर्नसिपको प्रबन्ध मिलाउनु पर्छ, जसले मेहनत एवं अनुशासित बन्न, जानेको कुरा व्यवहारमा उतार्न, जान्नुपर्ने कुरा पहिल्याउन, कार्यदक्षता विकास गर्न र आत्मनिर्भर बन्न मद्दत गर्छ । फिनल्यान्डको शैक्षिक प्रणाली विश्वमै उत्कृष्ट मानिन्छ र पाठ्यक्रम चयनमा स्थानीय सरकारलाई स्वायत्तता प्रदान गरिएको छ । यहाँ सैद्धान्तिक ज्ञान, गृहकार्य, घोकाइभन्दा व्यावहारिक ज्ञान र अतिरिक्त क्रियाकलापमा जोड दिने गरिएको छ । अझ त्योभन्दा महत्वपूर्ण कुरा फिनल्यान्डमा हरेक ३० वर्षमा शैक्षिक प्रणाली परिवर्तन हुन्छ । नेपालको पाठ्यक्रम निर्माण तथा संशोधनको सवालमा यो उदाहरण अनुकरणीय हुन सक्छ ।

विश्वविद्यालयको पाठ्यक्रमले विद्यार्थीभित्र क्षेत्रगत विशिष्टीकरण, खोज, अनुसन्धान, अन्वेषण, सिर्जनशिलता र आलोचनात्मक सिकाइलाई सम्बोधन गरेको हुनु पर्छ । पेसागत विभेदलाई बढवा दिने गरी पाठ्यक्रम तय गर्नु हुँदैन । जस्तो कि विश्वका कैयौं मुलुकमा डक्टर, इन्जिनियर, प्लम्बिङ, इलेक्ट्रिसियन, गार्डेनिङ, डकर्मी, सिकर्मी जस्ता पेसागत विधालाई समान पारिश्रमिक तथा सम्मान दिइन्छ । त्यसैले हाम्रो पाठ्यक्रमले यस कुरालाई पनि आत्मसात् गर्नु पर्छ । जर्मनीमा ट्युसन, कोचिङ जस्ता विद्यार्थीलाई अतिरिक्त लागत बोकाउने कक्षा पूर्णतया निरुत्साहित गरिन्छ । हामीले पनि ट्युसन, कोचिङ, गाइड, गेसपेपर, नोट पद्धतिलाई निरुत्साहित गर्ने गरी पाठ्यक्रम निर्माण गर्नु पर्छ । उच्च शिक्षालाई शोध अनुसन्धानमुखी बनाउन शोधविधि, प्रक्रिया, अवधि, वैधता, वस्तुनिष्ठता, उपादेयताको क्षेत्रमा रहेका कमीकमजोरी पाठ्यक्रमद्वारा सम्बोधित हुनु पर्छ ।

# मानसिक स्वास्थ्यमा चुनौती



• राजकुमार सिवाकोटी

स्वास्थ्य नै मानव जीवनको महत्वपूर्ण पाटो हो । स्वास्थ्यका आयाममध्ये मानसिक स्वास्थ्यको गहन भूमिका हुन्छ । मानवजीवनलाई मानसिक स्वास्थ्यले सार्थक बनाउँछ । मानवको मानसिक स्थितिले नै व्यक्तिगत-सामूहिक क्षमता बलियो बनाउँछ । समुदायमा योगदान गर्न पनि सिकाउँछ । यो व्यक्ति, परिवार र समाज कल्याणको आधार हो । मानसिक स्वास्थ्य सबै मानिसको आधारभूत मानव अधिकार हो । जहाँसुकै भए पनि सबैको मानसिक स्वास्थ्यको अन्तर्निहित अधिकार छ । यो उच्चतम र पर्याप्त स्तरको हुनु पर्छ । यसको अर्थ मानसिक रोगीले सबै उपलब्ध, योग्य, स्वीकार्य र राम्रो गुणस्तर युक्त हेरचाहमा पहुँचको अधिकारबाट लाभ लिन पाउनु पर्छ । यो व्यक्तिगत, सामुदायिक र राष्ट्रको आर्थिक विकासका लागि महत्वपूर्ण छ ।

सामान्यतयः अरू रोग-विकार भन्दा मानसिक स्वास्थ्यको घनत्व बढी जटिल छ । यो एक कठोर निरन्तरतामा अवस्थित भएर रहन्छ । समस्या भएको र नभएको व्यक्तिबिच फरक रूपमा अनुभव हुन्छ । कठिनाइ र संकटको फरक डिग्री तह हुन्छन् । धेरै स्वरूपका सामाजिक र क्लिनिकल परिणाम देखा पर्छन् । यसले मानिसलाई सम्भावित रूपमा सधैं जोखिममा राख्छ । यसले बिरामीलाई मनोसामाजिक असक्षमताको दलदलमा राख्छ । मानसिक अवस्था राम्रो नहुँदा पूरै जीवन संकटग्रस्त हुन्छ । मानसिक स्वास्थ्यको समस्या भएका व्यक्तिहरूले, आफूलाई निम्न स्तरको वा कमजोर अनुभव गर्ने सम्भावना बढी हुन्छ । यसलाई आधारभूत मानव अधिकारका रूपमा हेरे खासै समस्या हुँदैन । उपचार पनि सम्भव र सजिलो हुन्छ ।

कुनै न कुनै तत्व वा पक्ष मानसिक स्वास्थ्यको निर्धारक भएर रहन्छ । हाम्रो जीवनभरि वा जीवनको कुनै कालखण्डमा यस्ता निर्धारकले भूमिका खेल्न सक्छ । यहाँ हाम्रो मानसिक स्वास्थ्यलाई धेरै व्यक्तिगत, सामाजिक र संरचनात्मक निर्धारकले जोगाउन वा कमजोर बनाउन सक्छ । मानसिक स्वास्थ्यको निरन्तरतामा हाम्रो स्थिति परिवर्तनले गहिरो प्रभाव र कठोर संयोजन गर्न सक्छ । अर्थात् सामाजिक पारिवारिक वातावरण, कुनै घटना, व्यक्तिगत मनोवैज्ञानिक र जैविक कारक मानसिक स्वास्थ्यका कारण हुन सक्छन् । अर्कोतर्फ, भावनात्मक कुराहरू र नसालु पदार्थको प्रयोगले पनि मानसिक स्वास्थ्यमा समस्या ल्याउँछ । मानसिक स्वास्थ्य सवालमा आनुवंशिकी कारणले अर्थ राख्न सक्छ । जोखिम त जीवनको सबै चरणमा प्रकट हुन सक्छन् । ती विकासशील तथा संवेदनशील अवधिमा देखा परे भने बढी असर पुग्छ । विशेष गरी प्रारम्भिक बाल्यकालमा रहेका जोखिम वा प्रतिकूलता हानिकारक हुन्छन् । उदाहरणका लागि, कठोर अभिभावकत्व र शारीरिक सजायले बाल स्वास्थ्यलाई कमजोर पार्छ । यो मानसिक स्वास्थ्यको सवालमा एक प्रमुख जोखिम र कारक भइदिन्छ । यी यावत् मानसिक स्वास्थ्यको कारणले व्यक्तिलाई कमजोर बनाउँछ ।

नेपाल दक्षिण एसियामा विविध संस्कृति भएको देश हो । यहाँको समुदायमा धेरै जाति जनजाति छन् । यहाँका मानिस मन र शरीरलाई अलग-अलग ठान्छन् । यो उनीहरूको आत्मप्रतिको धारणा हो । यसले मानसिक रोगका बारेमा रहेको बुझाइमा समेत प्रभाव पारेको छ । नेपाली समाजमा सामान्यतया मानसिक रोगलाई आध्यात्मिक रोगको कारण ठानिन्छ । मानसिक स्वास्थ्य समस्या भएका मानिस पनि कलंक र भेदभावको निशानामा हुन्छन् । विश्व स्वास्थ्य सङ्गठनका (डब्लुएचओ) अनुसार नेपालमा हाल १० लाखभन्दा बढी मानिसमा मानसिक स्वास्थ्य समस्या रहेको अनुमान गरिएको छ ।

मानसिक स्वास्थ्य समस्या प्रायः गरिबीसँग जोडिएका हुन्छन् किनभने तिनीहरूले रोजगारी र महत्वपूर्ण सामाजिक सम्बन्ध कायम राख्न त्यसै पनि कठिन छ । उपचार नगरी मानसिक रोगबाट पीडित व्यक्तिहरूले आर्थिक रूपमा अस्थिर र अनिश्चित जीवन बिताउनु सामान्य हो । नेपालमा, मानसिक स्वास्थ्य समस्या भएका मानिस, विशेष गरी गरिबीमा जीवन बिताउनेहरूका लागि स्रोत र सहयोगको अभाव छ । खराब मानसिक स्वास्थ्यले गम्भीर शारीरिक र सामाजिक समस्या निम्त्याउँछ । जसले व्यक्तिको जीवनको गुणस्तरलाई असर गर्छ । मानसिक स्वास्थ्यको समस्या झेलेकाहरूको संघर्षको अनुभव कहालीलाग्दो छ ।

नेपालले आफ्नो कुल गार्हस्थ्य उत्पादनको ७.५ प्रतिशत स्वास्थ्य सेवामा खर्च गर्छ । जुन कुनै राष्ट्रको कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशतको विश्वव्यापी औसतभन्दा निकै कम छ । मानसिक स्वास्थ्यलाई सम्बोधन गर्न नेपाली परम्परागत विधि-धामी झाँक्रीमा भर पर्नु सामान्य कुरा हो । नेपालका ग्रामीण क्षेत्रका मानिसको स्वास्थ्य चिकित्सक तथा औषधीमा पहुँच प्रयः शून्य छ । न ग्रामीण क्षेत्रमा सीमित उपलब्धता भएको स्वास्थ्य प्रणाली नै प्रभावकारी छ । यहाँको दुर्भाग्य नेपालीले परम्परागत विधि-धामी झाँक्रीसँग भर पर्नु हो । परम्परागत विधिले मानसिक रोगको सही पहिचान गर्न सक्दैन । यस्ता कार्य गर्नेले उपचार गर्न आवश्यक पर्ने औपचारिक प्रशिक्षण पनि पाएको हुँदैन ।

सन् २०२२ सम्म, नेपालमा प्रति एक लाख जनामा मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने ०.३६ मनोचिकित्सक थिए । यी सबै जसो पेशेवर सहरी क्षेत्रमा केन्द्रित छन् । देशभित्र मानसिक स्वास्थ्य समस्या सम्बोधनमा सरकारले प्रभावकारी भूमिका खेल्न सकेको छैन । राज्यको मानसिक स्वास्थ्यसम्बन्धी कार्यमा पर्याप्त आर्थिक-प्राथमिकता पुगेको छैन । जनचेतनाको कमी त छँदैछ । केही साना योगदानले मात्र मानसिक स्वास्थ्यका क्षेत्रमा परिणाम दिन सक्दैन । यसबाहेक, मानसिक रोगी सांस्कृतिक अभ्यासमा रहेको मनोविज्ञानले पीडित हुने गरेका छन् । यस्तो सामाजिक-सांस्कृतिक मनोविज्ञान एक कलंकका रूपमा रहेको छ । प्रायःमानसिक रोगी साथी, परिवार र समुदायका सदस्यबाट भेदभाव र अस्वीकारको डरमा बाँच्नु पर्छ । फलस्वरूप नेपालमा मानसिक स्वास्थ्य उपचार लिन मानिस हिचकिचाउँछन् । यो मानसिक रोगको उपचारमा चुनौती बनेर रहेको छ ।

नेपालमा साँच्चै मानसिक स्वास्थ्य उपचार खोज्नेको संख्या र आवश्यकता बढ्दो छ । विगतमा नेपाली समाजले माओवादी हिंसात्मक गृहयुद्धको सामना गरेको थियो । जसमा १७ हजारभन्दा बढी मानिस मारिए र हजारौं विस्थापित भए । देश र समाज अझै पनि त्यो हिंस्रक द्वन्द्वको चोटबाट पुनः बाहिर आउन सकेको छैन । न यहाँ शान्ति, स्थिरता र विकासका लक्ष्य नै प्राप्ति भइरहेका छन् । यो अवस्थाले नेपाली समाजमा ठुलो संख्यामा डिप्रेसन, चिन्ता र मनोग्रसित-बाध्यता विकार (ओसिडी) लगायत सयै प्रकारका मानसिक रोगका रोगी बढिरहेका छन् ।

नेपालको घातक वातावरणीय प्रकोपले नराम्रोसँग मानसिक स्वास्थ्यलाई असर गरेको छ । सन् २०१५ को अप्रिलमा गएको भूकम्पमा आठ हजारभन्दा बढीको मृत्यु भएको थियो भने २० हजारभन्दा बढी घाइते भएका थिए । यसले धेरै मानिसलाई बेचैनी थपेर मानसिक स्वास्थ्यको उपचारतिर धकेलेको थियो । यस्ता प्रकृतिका विपत्ति र घटनाले व्यक्तिलाई आघात गर्छ । आपत्कालीन अवस्थाले समाजमा लामो समयसम्म असर गर्ने गर्छ । त्यसैले मानसिक स्वास्थ्य समस्या कम गर्न मनोवैज्ञानिक प्राथमिक उपचार आवश्यक पर्छ । यसबारे ठोस काम गर्न नेपालको सरकार चुकेको छ ।

नेपालमा मानसिक स्वास्थ्यका लागि नीति तर्जुमा, पुनर्स्थापना र स्वास्थ्य सेवा तथा पूर्वाधार विकासमा धेरै काम गर्न आवश्यक छ । राष्ट्रिय नीति स्तरमा मानसिक स्वास्थ्य समस्या समाधानका क्षेत्रमा कुनै काम हुन सकेको छैन । राज्यले मानसिक स्वास्थ्य सचेतनालाई बढावा दिन सकिरहेको छैन । मानसिक स्वास्थ्यका मुद्दाहरूको वरिपरि भेदभाव घुमिराखेको छ । मानसिक स्वास्थ्यका क्षेत्रमा केन्द्रीकृत कार्य नहुनु दुर्भाग्यपूर्ण छ । लिङ्गमा आधारित व्यवहारको सिकार भएका महिलालाई मनोसामाजिक सहायता, उपचार र आवासीय हेरचाह प्रदान गर्न सकिएको छैन ।

नागरिकको मानसिक स्वास्थ्यमा सेवा पाउने अधिकार स्थापित हुन सकेको छैन । राज्यले दीर्घकालीन योजनाका साथ काम गर्नुपर्ने आवश्यकता त आकाशको फलको कथा भएको छ । नेपालको प्राथमिक स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य सेवालाई एकीकरण गर्ने नीति भए पनि व्यवहारमा ल्याउन सकिएको छैन । नागरिकले मानसिक स्वास्थ्य सेवा नपाउँदाको पीडा र नोक्सानमा राज्यले भूमिका खेल्न सकेको छैन ।

# सिधाकुराले हटायो भिडियो

झापा(प्रस) । सिधाकुरा डटकमले 'भ्रष्टाचारका चार सय मुद्दा ढिसमिस गर्न सर्वोच्च अदालतका न्यायाधीशसहित डिल' शीर्षको समाचार/भिडियो हटाएको छ। उसले वेबसाइट, युट्युब र सामाजिक सञ्जालबाट उक्त सामग्रीलाई हटाएको हो।

सिधाकुराले समाचार प्रकाशित गरेर 'द डार्क फाइल'को शृंखला स्थगित भएको जानकारी दिएको छ। प्रेस काउन्सिलबाट प्राप्त पत्रअनुसार अध्ययन र अनुसन्धान प्रक्रिया अघि बढेको भन्दै हाललाई सो शृंखलाका प्रकाशित सामग्रीको प्रकाशन र प्रसारण स्थगन गरिएको सिधाकुराले समाचारमा भनेको छ।

अवहेलना मुद्दामा सर्वोच्च अदालतले पनि 'सिधाकुरा'का प्रकाशकलाई बयानको लागि बोलाउने आदेश दिएको छ। न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले उक्त आदेश दिएको हो।

प्रेस काउन्सिल नेपाल अध्यक्ष बालकृष्ण बस्नेतले अडियोसहितको सामग्री प्रसारण हुनासाथ प्रथम दृष्टिमै अपुष्ट र शंकास्पद ठानेको बताए।

'काउन्सिलको प्रारम्भिक अनुगमनले तथ्यगत रुपमा त्रुटिपूर्ण र असन्तुलित देखिएपछि त्यसलाई नरोक्दा थप आघात पुग्ने ठानी निर्देशन दिएका थियौं,' उनले भने। प्रविधिको दुरुपयोग हुन नदिन यो घट्नाले सबैलाई पाठ सिकाएको उनको भनाइ छ।

यसअघि काउन्सिलले उक्त समाचार आएकै दिन त्यसलाई हटाउन २४ घण्टे अल्टिमेटम दिएको थियो। आचारसंहिता उल्लंघनको गम्भीर उल्लंघनमा एकैपटक यो समाचार हटाउन दिएको काउन्सिलको यो नौलो अभ्यास भएको अध्यक्ष बस्नेतले बताए।

सिधाकुरा डटकमको समाचारले अदालतको अपहेलना भएको भन्दै त्यसका प्रकाशक युवराज कँडेलविरुद्ध प्रतिवेदन निवेदनमार्फत आइतबार सर्वोच्च अदालतमा मुद्दा दर्ता भएको थियो। सर्वोच्चका उपरजिस्ट्रार गोविन्दप्रसाद घिमिरेले आइतबार अपहेलना मुद्दा दर्ता गरेका हुन्। मुद्दामा हदैसम्मको सजायको माग गरिएको छ।

सिधाकुरा डटकमले सर्वोच्चका वरिष्ठतम् न्यायाधीश आनन्दमोहन भट्टराईसहित,अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष रामेश्वर थापा, कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया,अन्नपूर्ण पोस्ट्का विशेष संवाददाता सुरेन्द्र काफ्ले,वरिष्ठ अधिवक्ताद्वय हरि उप्रेती र किशोर विष्टको नाम जोडेर कीर्ते अडियो बनाई तथ्यहीन सामग्री प्रसारण गरेको छ। त्यसको न्यायिक र कानुनी क्षेत्रबाट तीव्र विरोध हुँदै आएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि भ्रामक समाचार प्रकाशन/प्रसारण गर्ने संस्थालाई कानुनबमोजिम कारबाही गर्न माग गरेको छ।

वरिष्ठतम् न्यायाधीश,कानुन व्यवसायी, सञ्चार व्यवसायी र सञ्चारकर्मीमाथि अतिरञ्जित लाञ्छना लगाइएको समाचारलाई लिएर न्यायाधीश समाज नेपाल, नेपाल बार एसोसिएसन, सर्वोच्च बारलगायतले आपत्ति जनाएका छन्।

यसअघि तथ्यगत आधार र प्रमाणबिनै व्यक्ति र सम्मानित संस्थाको मर्यादा,प्रतिष्ठामा आँच आउने समाचार सामग्री प्रसारण गर्नु आचारसंहिताको गम्भीर उल्लंघन र प्रेस स्वतन्त्रताको चरम दुरुपयोग भन्दै भ्रामक अडियो हटाउन प्रेस काउन्सिल नेपालले कडा निर्देशन दिएको थियो। सिधाकुरा डटकमले त्यसलाई अस्वीकार गरेको थियो। काउन्सिलले सोमबार नै उक्त अनलाइनका सम्पादक,कार्यक्रम प्रस्तोता/सञ्चालकलाई आधार/प्रमाणसहित उपस्थित हुन पत्राचार गरेको छ।

# आगलागीबाट ६ लाख ५० हजारको क्षति



झापा(प्रस) । मोरङका अलगअलग स्थानका कपडा पसल र घरमा आगलागी हुँदा ६ लाख ५० हजार बराबरको क्षति भएको छ । विराटनगर महानगरपालिका-१६ स्थित विराटनगर जुट मिल्सनजिक रहेको पदम सुब्बाको काठले बनेको कर्कट पाताको छानो भएको १ तले घरमा आइतबार राति १०:१० बजेतिर आगलागी भएको हो ।

सुब्बाको घर भाडामा लिएर विराटनगर-१५ की प्रीति प्रधानले रेडिमेड कपडा पसल सञ्चालन गर्दै आएकी थिइन् । प्रहरीका अनुसार कपडा पसलबाट आगलागी सुरु भएको हो । आगोले पसलभित्र रहेको केही कपडा जलेका छन् । घरमा समेत आंशिक क्षति पुगेको प्रहरीले जनाएको छ ।

विद्युत सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । इलाका प्रहरी कार्यालय रानी र इलाका प्रहरी कार्यालय सीमाबाट खटिएको टोली तथा स्थानीय र दमकलको सहयोगमा आधा घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो ।तत्काल आगो नियन्त्रणमा लिन सकिएका कारण ठूलो क्षति हुन नपाएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए । त्यस्तै,मोरङको बूढीगंगा गाउँपालिका-४ भवानीपुरस्थित एउटा घरमा आगलागी भएको छ । ज्ञानश्वरी सरदारको फुसको छानो भएको घरमा राति १० : ३० बजेतिर आगलागी भएको डीएसपी बस्नेतले बताए ।

उनका अनुसार विद्युत सर्ट भएर आगलागी भएको हुनसक्ने अनुमान गरिएको छ ।

आगोले घर, ज ३ प १६०८ नम्बरको पल्सर मोटरसाइकलसहित घरभित्र रहेका अन्नपात,भाँडावर्तन र लत्ताकपडा पूर्णरूपले जलेर ध्वस्त भएको बस्नेतले बताए । उनका अनुसार आगलागीमा परेर ४ लाख बराबरको क्षति भएको छ ।

इलाका प्रहरी कार्यालय नेमुवाबाट खटिएको टोली,दमकल र स्थानीयको सहयोगमा डेढ घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो । डीएसपी बस्नेतले घटनाको अनुसन्धान सुरु गरिएको जानकारी दिए ।

# 'बलिदान' ले अडिसन लिने



झापा(प्रस) । चलचित्र 'बलिदान' ले अडिसनमार्फत कलाकार छनोट गर्ने भएको छ । सो प्रयोजनका लागि आसुसेन फिल्मलेअडिसन आह्वान गरेको छ । निर्देशक तथा निर्माता सन्तोष सेनका अनुसार इच्छुक र योग्य व्यक्तिले खुला प्रतिस्पर्धाबाट चलचित्रमा बाजी मार्न सक्ने छन् ।

चलचित्रमा मधेशी संस्कृति र सौन्दर्य झल्किने महिला कलाकार आवश्यकता रहेको बताइन्छ । 'बलिदान' को प्रमुख भूमिकामा समीर भट्ट देखिँदै छन् । चलचित्रमा अभिनेताद्वय सौगात मल्ल र अर्पण थापा तथा अभिनेतृ ऋचा शर्माले अभिनय गर्ने पक्कापक्की भइसकेको छ । 'बलिदान' छायाङ्कनका लागि इटहरीमा सेट डिजाइनको काम भइरहेको जनाइएको छ ।

# नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम



दमक(प्रस) । आइएमई लाइफ इन्स्यारेन्सको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम झापाको कमल ५ पाडाजुंगीमा सम्पन्न भएको छ ।

कम्पनीले कोशी प्रदेशअन्तर्गत दमक , गौरादह , उर्लाबारी र पथरी शाखाका अभिकर्ताहरुको क्षमता अभिवृद्धि विकास गर्ने उद्धेश्यले आयोजना गरेको उक्त कार्यक्रम बैशाख १६ गते सम्पन्न भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका चिफ मार्केटिङ अफिसर गणेश चौलागाईले अभिकर्ता पेशाको महत्व साथै विभिन्न परिस्थितिमा बजारीकरणको नयाँ नयाँ पद्दतिका विषयमा सरल एवं सहज टेक्निकहरु बताउँदै पेशागत अभिकर्ताको विषयमा महत्वपूर्ण प्रस्तुति दिएका थिए ।

कार्यक्रममा कम्पनीका तालिम बिभाग प्रमुख सुनिल आचार्यले इमान्दारिताका साथ कार्य गर्दा यो पेशाबाट नाम, दाम र सम्मान जीवनभर रहनेगरि सन्तुष्टिसहित कार्य गर्न सकिने बताउँदै बिमा कार्यक्रम निरन्तर रुपमा प्रविधिमैत्री बन्दै गएको र अब अभिकर्ताले आफ्नो पोर्टलबाट बिमा बेच्न सक्नेसम्मको प्रविधि विकास गरेको जानकारी दिए । कार्यक्रममा कम्पनीका कोशी प्रदेश प्रमुख मिलन दाहालले अभिकर्ताको स्किमहरुको बारेमा सजीकरण गरेका थिए । कम्पनीले विभिन्न समयमा कर्मचारी र अभिकर्ताहरुको क्षमता वृद्धि र हौसला प्रदान गर्ने उद्धेश्यले यस्ता तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको आइएमई लाइफ इन्स्योरेन्सको दमक शाखा प्रमुख डिमा शेर्पाले बताए । कोशी प्रदेश प्रमुख मिलन दाहालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि कम्पनीका चिफ मार्केटिङ अफिसर गणेश चौलागाई रहेका थिए । तालिम शाखा विभाग प्रमुख सुनिलकुमार आचार्य बिशेष अतिथि रहेको कार्यक्रममा दमक , गौरादह , उर्लाबारी र पथरीका शाखा प्रमुख, कर्मचारी साथै अभिकर्ताहरुको बाक्लो उपस्थिति रहेको थियो ।

# बोलेरो दुर्घटना हुँदा २ जनाको मृत्यु



झापा(प्रस) । भोजपुरको आमचोक गाउँपालिका-८, दुम्मानाको पारकुवामा भएको बोलेरो दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ।

सोमबार बालंखाबाट दुम्माना हुँदै मैयुटारतर्फ गइरहेको को १ ज २६१७ नम्बरको बोलेरो जीप दुधकोशी किनारमा दुर्घटनाग्रस्त हुँदा आमचोक गाउँपालिका-१० पाङचाकी २७ वर्षीया रुना राईको घटनास्थलमै र जीपमा सवार ३३ वर्षीया शान्ति राईको उपचारका क्रममा मृत्यु भएको हो।

चालकसहित १४ जना सवार जीप दुर्घटनामा परि घाइतेहरूको तत्काल उद्धार गरि उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइएको जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी प्रहरी निरीक्षक दलकुमार राईले जानकारी दिए।

जीप अनियन्त्रित भई करिब २ सय मिटर तल खसेको प्रहरी निरीक्षक राईले बताए।

घाइते हुनेहरुमा धरान ५ सुनसरीकी ७ वर्षीया आशिका राई, ५० वर्षीय खानुहाङ राई, आमचोक गाउँपालिका १० का सफल राई, ६० वर्षीय वीरबहादुर राई, ३० वर्षीय सुमन राई, ६ वर्षीया सृष्टि राई, ३१ वर्षीया सरस्वती राई, ६ महिने बालक अनरप राई, बोलेरो चालक धरान १३ सुनसरीका ३६ वर्षीय प्रकाश राई, १३ वर्षीय साईमन राई, १३ वर्षीया लिजा राई र धरान ५ कै ३५ वर्षीया सृजना राई रहेका छन्।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।